राक्सिराङ्ग गाउँपालिका
**गाउँ कार्यपालिका, चैनपुर, मकवानपुर**
बैठक संख्या : ०५/२०८०/०८१

मितिः २०८०/०८/२९ गते शुक्रवार
समयः बिहान ८:०० बजे

आज मिति २०८० मंसिर २९ गते शुक्रबार बिहान ८:०० बजे गाउँपालिका अध्यक्ष श्री राजकुमार मल्लको अध्यक्षतामा देहायको उपस्थितिमा गाउँ कार्यपालिकाको आ.ब. २०८०/०८१ को पाँचौं बैठक बसी निम्नानुसारको निर्णय गरियो :
उपस्थितिः

| सि.नं. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री राजकुमार मल्ल | |
| २ | उपाध्यक्ष | श्री बनस्तम थिङ | |
| ३ | सदस्य | श्री बाबी राम मुक्तान, वडा अध्यक्ष-१ | |
| ४ | सदस्य | श्री बुद्ध राम मुक्तान, वडा अध्यक्ष-२ | |
| ५ | सदस्य | श्री उत्तम वाइवा, वडा अध्यक्ष-३ | |
| ६ | सदस्य | श्री संजय कोईराला, वडा अध्यक्ष-४ | |
| ७ | सदस्य | श्री हरि बहादुर प्रजा, वडा अध्यक्ष-५ | |
| ८ | सदस्य | श्री अकल बहादुर मोक्तान, वडा अध्यक्ष-६ | |
| ९ | सदस्य | श्री राम बहादुर प्रजा, वडा अध्यक्ष-७ | |
| १० | सदस्य | श्री युसाई प्रजा, वडा अध्यक्ष-८ | |
| ११ | सदस्य | श्री रामकुमार वाल्वा थिङ, वडा अध्यक्ष-९ | |
| १२ | सदस्य | श्री सुजता दमाई | |
| १३ | सदस्य | श्री सजिना मुक्तान नेपाली | |
| १४ | सदस्य | श्री शुशिला सुनार | |
| १५ | सदस्य | श्री शान्ता कुमारी अर्याल | |
| १६ | सदस्य | श्री सिङ्गलाल प्रजा | |
| १७ | सदस्य | श्री चन्द्रमान प्रजा | |
| १८ | सचिव | श्री देव चन्द्र गतौंला | |

# राक्सिराङ्ग गाउँपालिका

## गाउँ कार्यपालिका, चैनपुर, मकवानपुर

बैठक संख्याः ०५– ०८०/८१

मितिः २०८०/०८/२९ गते शुक्रबार

समयः विहान ८.०० बजे

**निर्णय नं. १:**

गत बैठकहरुबाट भए गरेका निर्णयहरुको समीक्षा गरी कार्यान्वयन हुन बाँकी निर्णयहरुलाई यथाशीघ्र कार्यान्वयन गर्ने।

**निर्णय नं. २:**

मासिक आय/व्यय प्रगति विवरण प्रतिवेदन माथि छलफल तथा समीक्षा गरियो। संक्षिप्त प्रतिवेदन तपसील बमोजिम रहेको छ। (२०८०/०४/०१ देखि २०८०/०८/२८ सम्मको)

| क्षेत्रगत बजेट तथा खर्च | | | | |
|---|---|---|---|---|
| आ.व. : २०८०/८१ महिना : सबै अवधी : २०८०/०४/०१-२०८०/08/२8 | | | | |
| सि.न | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
| १ | आर्थिक विकास | ६,२१,५०,०००.०० | 11,86,422.00 | १.९१ |
| २ | सामाजिक विकास | २५,८८,०३,१९७.०० | 5,88,07,540.86 | २२.७२ |
| ३ | पूर्वाधार विकास | १८,44,५०,०००.०० | 1,05,82,772 | ५.७४ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १,२१,६२,०००.०० | 17,67,876.00 | १४.५४ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ९,४5,60,000.00 | 1,97,69,171.30 | २०.९१ |
| कुल जम्मा | | 61,21,25,197.00 | 9,21,13,782.16 | १५.०४ |

| आय व्ययको बिबरण | | | | |
|---|---|---|---|---|
| आ.व. : २०८०/८१ महिना : सबै अवधी : २०८०/०४/०१-२०८०/08/२8 | | | | |
| सि.न | शीर्षक | प्रस्तावित आय | वास्तविक आय | आम्दानी(%) |
| १ | संघीय सरकार | ३२,१५,००,०००.०० | 15,24,25,000.00 | ४७ |
| २ | प्रदेश सरकार | ५,७८,१०,०००.०० | 2,89,05,000.00 | ५० |
| ३ | राजस्व बाडफाड | १४,४५,९२,१९७.०० | 1,51,79,608.18 | ११ |
| ४ | अन्तरिक श्रोत | ८,8२,2३,०००.०० | ९,७1,20,159.२६ | ११०.०८ |
| सि.न | जम्मा | 61,21,25,197.00 | 29,36,29,767.44 | ४७.९६ |
| | शीर्षक | बार्षिक बजेट | खर्च | खर्च(%) |
| १ | चालु | ३७,१८,२५,१९७.०० | 8,18,4८,062.१६ | २२ |
| 2 | पूंजीगत | २4,03,00,000.00 | 1,02,65,720 | ४.२६ |
| | जम्मा | 61,21,25,197.00 | 9,21,13,782.16 | 15.04 |

निर्णय नं. ३:

राक्सिराङ्ग गाउँपालिकाको गाउँ सभाको हिउदे अधिवेशन (१५ औं) मिति २०८० पौष महिनाको १३ गतेको लागि आवहान गर्ने ।

निर्णय नं. ४:

राक्सिराङ्ग गाउँपालिकाको आर्थिक वर्ष २०८०।०८१ मा स्वीकृत बजेट तथा कार्यक्रम बमोजिम वडा कार्यालय भवन निर्माण शीर्षकमा रु १,५०,००,०००।०० विनियोजन भएकोमा यस आर्थिक वर्षमा विभिन्न पाँचवटा वडा (वडा नं ४,६,७,८ र ९) का वडा कार्यालय भवनहरु निर्माण गर्नको लागि प्राविधिक शाखा तथा खरिद एकाईबाट पेश हुन आएको कुल लागत अनुमान रु ११,३८,२५,९७१.९२ स्वीकृत गर्ने र अपुग हुन जाने थप बजेट रकमको आगामी आर्थिक वर्षमा पुन विनियोजन गरी निर्माण कार्य सम्पन्न गराउने गरी वहुवर्षीय योजनाको रुपमा स्वीकृत गर्ने र सार्वजनिक खरिद ऐन अनुसार ठेक्का प्रकृया अगाडी बढाउन तथा संघीय सरकार र प्रदेश सरकारसँग समेत रकम माग गर्ने गरी योजना कार्यान्वयन गर्न कार्यापालिकाको कार्यालयलाई निर्देशन दिने ।

निर्णय नं. ५:

राक्सिराङ्ग गाउँपालिकाको *स्थानीय खाद्य समन्वय समिति गठन तथा संचालन कार्यविधि, २०८०* तथा *सामाजिक संघ संस्था दर्ता सम्बन्धी कार्यविधि २०८०* स्वीकृत गर्ने ।

निर्णय नं. ६:

आ.व २०८०/८१ को लागि संघीय समपूरक/विशेष अनुदान तथा सहलगानी ऐन अन्तर्गत सह लगानीमा कार्यान्वयन गर्ने गरी यस गाउँपालिकाबाट संचालन हुने गरी देहायका आयोजना/कार्यक्रमहरु प्रस्ताव पेश गर्ने ।

संघीय समपूरक अनुदान तर्फ

| सि.नं | आयोजना/कार्यक्रमको नाम | अवधी | प्रस्तावित रकम |
|---|---|---|---|
| १ | भण्डारा सिलिङ्गे टोड्के गैजुराङ्ग सडक | २ वर्ष | ५ करोड मात्र |
| २ | ब्रङ्गदी कोखारी गैजुराङ्ग सडक | २ वर्ष | ५ करोड मात्र |
| ३ | घोरकोटे अठारे कान्सिराङ्ग धादिङ्ग सडक | २ वर्ष | ५ करोड मात्र |
| ४ | ऐनाटार कार्दा सिलिङ्गे भुइबिसौनी गर्लिङ्ग सडक | २ वर्ष | ५ करोड मात्र |

संघीय सह लगानी तर्फ

| सि.नं | आयोजना/कार्यक्रमको नाम | अवधी | प्रस्तावित रकम |
|---|---|---|---|
| १ | पाङ्गथली पर्यटन पार्क | ३ वर्ष | १८ करोड मात्र |

निर्णय नं. ७:

राक्सिराङ्ग गाउँपालिकाको आर्थिक वर्ष २०७८।०७९ मा Upgrading of Silinge Siladhuni Gaijurang Sadak कार्यको लागि ठेक्का नं. RAK/ROAD/NCB-5/78/79 को श्री भान्जा टेक कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.,राक्सिराङ्ग मकवानपुरसँग सम्झौता भई कार्य भइरहेकोमा यस आर्थिक वर्षमा बजेट विनियोजन हुन नसकेको, स्थानीय समुदायबाट पटक पटक अवरोध भई कार्य गर्न असहज भई पटक पटक म्याद थप हुँदा र सहजीकरण गर्दा पनि उक्त कार्य पुरा गर्न नसकिएको, भएको कार्यको प्राविधिक मूल्यांकनबाट कार्यालयले भुक्तानी गर्नुपर्ने दायित्व समेत भुक्तानी गर्न नसकिने भएकोले निज कम्पनीसँगको ठेक्का सार्वजनिक खरिद ऐनको दफा ५९ उपदफा ४ तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२७ बमोजिम निर्माण कार्यको खरिद सम्झौता अन्त्य गर्ने ।

निर्णय नं. ८

क) राक्सिराङ्ग गाउँपालिकाका विभिन्न वडा कार्यालयहरुबाट योजना संशोधनका लागि वडा समितिको निर्णय सहित सिफारिस भई आएको हुँदा आगामी गाउँसभा बाट स्वीकृत अनुमोदन हुने गरी देहाय बमोजिम कार्यक्रम संशोधन गर्ने ।

योजनाहरुको सम्झौताको म्याद २०८० पुष मसान्त सम्म थप गर्ने ।

| साविकको योजना | | | | | हाल शंसोधन गर्नु पर्ने योजना | | | |
|---|---|---|---|---|---|---|---|---|
| सि.नं. | योजनाको नाम | ठेगाना | बिनियोजन रकम | बजेट | सि.नं. | योजनाको नाम | बिनियोजन रकम | बजेट |
| १ | ठुलोभावर मन्दिर तारबार | वडा नं.०१ | १५०००० | वडा | १ | दर्लामी भुमेथुम मोटरबाटो सरसफाई | १५०००० | वडा |
| २ | युवा खेलकुद कला तथा संस्कृति | वडा नं.०१ | १५०००० | वडा | २ | गौदान ढुंगु काठेपुल निर्माण | १५०००० | वडा |
| ३ | गोकर्णेश्वर महादेव सानोभावर चोक सम्म स्ल्याव ढलान | वडा नं.०१ | ५००००० | वडा | ३ | खंरगा सानोभावर मोटरबाटो स्तरिकरण | ५००००० | वडा |
| ४ | भाट्टी ठुलो भावर खानेपानी मर्मत | वडा नं.०१ | २००००० | वडा | ४ | खोलाटार खानेपानी तथा सरसफाई योजना | २००००० | वडा |
| ५ | प्रजा प्रगति आ.बि. भवन रंगरोगन | वडा नं.०२ | ३००००० | वडा | ५ | प्रजा प्रगति आ.बि. फर्निचर खरिद | ३००००० | वडा |
| ६ | मार्ग दर्शन चर्च भवन कम्पाउण्ड निर्माण | वडा नं.०२ | २५०००० | वडा | ६ | पारेघाट खानेपानी टंकी निर्माण | २५०००० | वडा |
| ७ | प्रतिज्ञा चर्च भवन मर्मत | वडा नं.०२ | २५०००० | वडा | ७ | ताङराङ कुलो सिंचाई योजना | २५०००० | वडा |
| ८ | गोठडाँडा दर्शन मण्डली चर्च | वडा नं.०२ | ४००००० | वडा | ८ | कराम्चे हुदै गोम्बा डाडा बेसेडाडा सडक निर्माण | ४००००० | वडा |
| ९ | म्याथोडिज चर्च शौचालय निर्माण | वडा नं.०३ | ७५००० | वडा | ९ | वडा कार्यालय ब्यवस्थापन फर्निचर खरिद | ७५००० | वडा |
| १० | ट्यांकी भन्ज्याङ्ग हुदै दोडटोल शाखा बाटो आलखोप | वडा नं.०३ | ३००००० | वडा | १० | ट्यांकी भन्ज्याङ्ग कृषी सडक स्तरोन्नती | ३००००० | वडा |
| ११ | कोलडाँडा खोर भन्ज्याङ साउने खोला कोलाङती सडक | वडा नं०३ | ५००००० | गापा | ११ | कोलडाँडा सडक स्तरोन्नती | ५००००० | गापा |
| १२ | सरिखेत शिव मन्दिर ठाटि निर्माण | वडा नं.०३ | २००००० | वडा | १२ | ब्रम्हा आश्रय महादेव मन्दिर | २००००० | वडा |
| १३ | समूह घर निर्माण योजना | वडा नं.०३ | १५०००० | वडा | १३ | साङ्गे छोईलिङ्ग गुम्बा मुर्ति निर्माण | १५०००० | वडा |
| १४ | सिउरानी,गैंहुबारी,माथिल्लो केराबारी नाली निर्माण योजना | वडा नं.०३ | ३००००० | वडा | १४ | सिँउरानी,गैंहुबारी,माथिल्लो केराबारी सडक चौडा योजना | ३००००० | वडा |
| १५ | दमार आलखोप सडक स्तरिकरण | वडा नं.०३ | ५००००० | गापा | १५ | दमार आलखोप सडक चौडा स्तरिकरण | ५००००० | गापा |
| १६ | कालिका माबि शौचालय निर्माण तथा बिद्यालय मर्मत | वडा नं.०४ | २५०००० | वडा | १६ | कालिमा माबि ट्रष्ट भवन निर्माण | २५०००० | वडा |
| १७ | गौथलीटार चर्च संरक्षण मेशिनरी बाल निर्माण | वडा नं.०४ | ३००००० | वडा | १७ | गौथलीटार सिंचाई कुलो निर्माण | ३००००० | वडा |
| १८ | देबीटार निमाबि तटबन्धन | वडा नं०४ | ३००००० | गापा | १८ | श्री आधारभुत बिद्यालय देवीटार तटबन्धन | ३००००० | गापा |
| १९ | विन्देश्वरी प्रा.बि.छानो मर्मत तथा फर्निचर निर्माण | वडा नं.०४ | २५०००० | वडा | १९ | विन्द्रेश्वरी प्रा.बि. भवन मर्मत | २५०००० | वडा |
| २० | चैनपुर कुनाटोल अस्पताल जाने सडक स्ल्याप नाला निर्माण | वडा नं.०५ | ९००००० | गापा | २० | चैनपुर कुनाटोल अस्पताल जाने सडक स्ल्याप नाला निर्माण तथा सिङराङ हुदै ट्याक ओपन | ९००००० | गापा |
| २१ | ठाडेचुरी इसिडी भवन शौचालय निर्माण | वडा नं.०५ | २००००० | वडा | २१ | ठाडेचुरी खानेपानी मर्मत तथा सुधार | २००००० | वडा |

| साबिकको योजना | | | | | हाल शंसोधन गर्नु पर्ने योजना | | | |
|---|---|---|---|---|---|---|---|---|
| सि.नं. | योजनाको नाम | ठेगाना | बिनियोजन रकम | बजेट | सि.नं. | योजनाको नाम | बिनियोजन रकम | बजेट |
| २२ | रानीबाङ चर्च मर्मत | वडा नं.०५ | २००००० | वडा | २२ | झिल्के मनिला प्रतिछालय निर्माण | २००००० | वडा |
| २३ | कालिका देवी मन्दिर तथा जुरेथुम प्रतिचछालय निर्माण | वडा नं.०७ | २००००० | वडा | २३ | दिब्याश्वरी मन्दिर निर्माण ढोलडाँडा | २००००० | वडा |
| २४ | जावाराङ चरिमारा सडक स्तरिकरण | वडा नं.०७ | ६००००० | गापा | २४ | जावाराङ चरिमारा बेसिटोल कर्कुलिङ गर्लिङ वडा कार्यालय सडक सर सफाई तथा निर्माण | ६००००० | गापा |
| २५ | छाकुन खर्लिङ्ग जोड्ने सडक | वडा नं.०७ | ६००००० | गापा | २५ | छाकुन खर्लिङ्ग सडक मर्मत तथा ट्रयाक ओपन | ६००००० | गापा |
| २६ | गोङगोरङ तालिका सडक स्तरिकरण तथा नयाँ ट्रयाक सडक | वडा नं.०८ | ४००००० | वडा | २६ | दमार देखी तालुका वडा कार्यालय नयाँ ट्रयाक सडक निर्माण | ४००००० | वडा |
| २७ | तम्काटार सामुदायिक भवन निर्माण (जयजे) | वडा नं०८ | २००००० | वडा | २७ | तम्काटार जयजे खानेपानी योजना | २००००० | वडा |
| २८ | याएस मण्डली भवन चर्च मर्मत | वडा नं.०८ | ३००००० | वडा | २८ | यावेश मण्डली भवन चर्च मर्मत | ३००००० | वडा |
| २९ | डन्टार कोखारी सडक स्तरउन्नती | वडा नं.०९ | ८००००० | गापा | २९ | डन्टार तर्लिङ्ग जोगिटोल सडक मर्मत | ८००००० | गापा |
| ३० | दलित सामुदायिक भवन निर्माण | वडा नं.०९ | ४००००० | वडा | ३० | दलित आयआर्जन पाडी पालन सहयोग | ४००००० | वडा |
| ३१ | चेउराङ पेल्ट्रिकसेट मर्मत | वडा नं.०९ | १००००० | वडा | ३१ | चेउराङ सडक मर्मत | १००००० | वडा |
| ३२ | अठारे खोप केन्द्र मर्मत | वडा नं.०९ | २००००० | वडा | ३२ | गैजुराङ्ग सोलार पम्प खानेपानी मर्मत | २००००० | वडा |
| ३३ | अठारे महिला भवन मर्मत | वडा नं.०९ | २००००० | वडा | ३३ | अठारे महिला भवन फर्निचर खरिद | २००००० | वडा |
| ३४ | महारा तटबन्धन निर्माण | वडा नं.०९ | १७५०००० | वडा | ३४ | डन्टार हुँदै ऋसिङ्गटार स्लाब ढलान | १७५०००० | वडा |

ख) यस राक्सिराङ्ग गाउँपालिका कार्यालयबाट विभिन्न समयमा ठेक्का सम्झौता भई कार्यान्वयनमा रहेका देहाय बमोजिमका योजनाहरु विविध कारणले चालु आ.व. भित्र सम्पन्न हुन नसकिने भएकाले तपशील बमोजिम म्याद थप गर्ने प्रकृया अगाडी बढाउन कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

| सि.नं. | ठेक्का नं. | ठेक्काको नाम | निर्माण कम्पनी | म्याद थप हुने मिति |
|---|---|---|---|---|
| १ | RAK/BLDG/NCB-16/77-78 | Procurement of Construction of Chepang Museum | M/S Baniya-Sundar Nepal J.V. | २०८० चैत्र मसान्त सम्म |
| २ | RAK/ROAD/NCB-4/078-079 | Dungu Athare Dantar Sadak | M/S Kastamandap Aajiwan J.V | |
| ३ | RAK/BLDG/NCB-13/77-78 | Procurement of Construction of Administrative Building | M/S Jayamata Engineering Construction Pvt. Ltd. | |
| ४ | RAK/ROAD/NCB-3/78/79 | Procurement of Upgrading of Devitar Pangthali Silinge Sadak | M/S Shikhar Engineering Construction Pvt. Ltd. | |
| ५ | RAK/BLDG/NCB-22/77-78 | Procurement of Construction of 10 Bed Hospital | M/S Lama Baniya J V | |

निर्णय नं. ९

राक्सिराङ्ग गाउँपालिका प्रधानमन्त्री रोजगार कार्यक्रमको आ.व. २०८०/०८१ का लागि कार्यक्रम सञ्चालन गरी सूचीकृत वेरोजगारहरुलाइ आंशिक रोजगारी प्रदान गर्न विनियोजित शसर्त अनुदान बाट खर्च हुनेगरि तपसिल वमोजिम वडाहरु बाट योजना छनौट गर्ने निर्णय गरियो ।

क. आइ.डि.ए श्रोत तर्फ

| सि.न. | वडा न. | सुचीकृत वेरोजगार संख्या | योजनाको नाम | विनियोजित बजेट |
|---|---|---|---|---|
| १ | १ | ११४ | दुङगु-कोलगैरी-नेवारपानि सडक मर्मत तथा नालि निर्माण रोजगार योजना | ६,०१,२०० |
| २ | २ | १९४ | १) सुनारिसौरा हुदै लापुर जोड्ने गोरेटो बाटो निर्माण तथा मर्मत रोजगार योजना<br>२) डाडाबारी हुदै आँपबारी रिमकिम सडक मर्मत रोजगार योजना | १) ४,००,८००<br>२) ४,१८,२०० |
| | | | जम्मा | ८,१९,००० |
| ३ | ३ | ७९ | चमेरो गुफा सरसफाई तथा केरावारी जाने बाटो मर्मत तथा साङ्गे छ्योइलिङ गुम्बा जाने कच्ची नालि मर्मत रोजगार योजना | ५,३४,४०० |
| ४ | ६ | ८३ | १) सिलिङ्गे युराङ्ग धुसाराङ्ग गोरेटो बाटो निर्माण तथा मर्मत<br>२) सिलिङ्गे चापल लामेबगर गोरेटो बाटो निर्माण तथा मर्मत | ५,३४,४०० |

| जम्मा | २४,८९,००० |
|---|---|

ख. नेपाल सरकार श्रोत तर्फ

| सि.न. | वडा न. | सुचीकृत वेरोजगार संख्या | योजनाको नाम | विनियोजित बजेट |
|---|---|---|---|---|
| १ | ४ | ५१ | वडा कार्यालय दुङ्गु सडक नालि निर्माण रोजगार योजना | ४,६७,६०० |
| २ | ५ | ७० | १) लाइसिराङ गैडावांङ सिंचाई कुलो मर्मत रोजगार योजना<br>२) ठुलोखोल्सि कोदोखोला गोरेटो बाटो निर्माण रोजगार योजना | १)२,६७,२००<br>२)२,६७,२०० |
| | | | जम्मा | ५,३४,४०० |
| ३ | ७ | ६५ | दाम्राङ्ग-आइवेनी सडक नाली निर्माण रोजगार योजना | ५,१८,००० |
| ४ | ८ | ६८ | वाताक्ती चेकाराङ्ग पानिघट्ट गोरेटो बाटो निर्माण रोजगार योजना | ५,३४,४०० |
| ५ | ९ | ६१ | क्रसिङ्गडाँडा हुदै तेन्सुराङ्ग विद्यालय जाने गोरेटो बाटो निर्माण रोजगार योजना | ४,६७,६०० |
| | | | जम्मा | २५,२२,००० |

निर्णय नं. १०

क) यस गाउँपालिकाको आ व २०८०।०८१ मा स्वीकृत गरिएको खर्च शीर्षक नं. २८९११ भैपरी आउने चालु खर्च शीर्षकमा विनियोजन गरिएको रकमबाट देहाय बमोजिमका कार्यक्रम शीर्षकहरुमा तपशील बमोजिमका रकम विनियोजन गर्ने ।

| सि नं | कार्यक्रमको नाम | स्वीकृत रकम |
|---|---|---|
| १ | भण्डारा सिलिङ्गे टोड्के गैजुराङ्ग सडक DPR तयारी | रु ५,००,००० |
| २ | ब्रुङ्गदी कोखारी गैजुराङ्ग सडक DPR तयारी | रु ५,००,००० |
| ३ | घोरकोटे अठारे कान्सिराङ्ग धादिङ्ग सडक DPR तयारी | रु ५,००,००० |
| ४ | ऐनाटार कार्दा सिलिङ्गे भुइबिसौनी गर्लिङ्ग सडक DPR तयारी | रु ५,००,००० |
| ५ | लोथर खोलाको नदीजन्य पदार्थ उत्खनन संकलनको लागि IEE प्रतिवेदन तयारी | रु ४,००,००० |
| ६ | बाघमारा सुनारीसौरा सानोभावर नेवारपानी सडक IEE प्रतिवेदन तयारी | रु ४,००,००० |
| ७ | चैनपुर बोटबारी रतुवा सडक IEE प्रतिवेदन तयारी | रु ४,००,००० |
| ८ | चैनपुर देवीटार पाङ्गथली सडक IEE प्रतिवेदन तयारी | रु ४,००,००० |
| | जम्मा | रु ३६,००,००० |

ख) यस गाउँपालिकाको आ व २०८०।०८१ मा स्वीकृत अध्यक्ष रोजगार प्रवर्द्धन कार्यक्रममा विनिययोजन रकम मध्येबाट क्षमता विकास कार्यक्रम *प्रस्तावना तथा प्रतिवेदन लेखन तालिम* कार्यक्रमको लागि रु ३,००,००० तथा *नेतृत्व विकास तथा सकारात्मक सोच सम्बन्धि तालिम* कार्यक्रमको लागि रु २,००,००० विनियोजन गर्ने ।

ग) श्री कोरियन मार्सल आर्टस एकेडेमीको मिति २०८०।०३।१८ को पत्रबाट अनुरोध भई आए अनुसार थाइल्याण्डमा मिति २०२३ अगस्ट २७ मा आयोजना भएको 6th World Kumite Championships 2023 प्रतियोगितामा सहभागी हुन लागेका खेलाडी राक्सिराङ्ग १ कोलगैरी निवासी बिक्रम मुक्तान लाई गाउँ पालिकाको तर्फबाट रु ४०,००० नगद सहयोग उपलब्ध गराउने ।

घ) नेपाल प्रेस युनियनद्वारा प्रकाशित विचार यात्रा पुस्तकमा प्रकाशित सार्वजनिक सूचना वापत हुन आएको रु २०,००० उपलब्ध गराउन कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

ङ) नेपाल ग्रामीण पुनर्निर्माण संस्था (RRN), जिल्ला कार्यालय चितवन र राक्सिराङ्ग गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय चैनपुर बीच गाउँपालिका अन्तर्गतका विभिन्न खानेपानी योजना निर्माणका लागि योजना कार्यन्वयन सम्बन्धी सहकार्य गर्ने र साँझेदारीमा कार्यक्रम संचालन गर्न गाउँपालिकाले कुल योजनमा लाग्ने खर्चको १० प्रतिशत लागत सहभागिता व्यहोर्ने ।

च) राक्सिराङ्ग गाउँपालिका वडा नं ७ बाट अनुरोध भई आएको र स्थलगत अनुगमनका क्रममा समेत समस्या रहेको देखिएकोले दामराङ्ग रिम्ति खानेपानी मर्मत योजनाको लागि गाउँपालिकाको स्रोतबाट व्यहोर्ने गरी रु २,५०,००० विनियोजन गर्ने ।

छ) सडक बोर्ड नेपाल, मिनभवन काठमाडौं को मिति २०८०।०८।०१ च.नं ४६८ को पत्रबाट जानकारी भई आए अनुसार सडक मर्मत सम्भार कार्यक्रमको लागि बाङ्गदिराङ्ग बोटबारी सडक खण्डको मर्मत सुधार कार्यको लागि गाउँपालिकामा प्राप्त हुने स्रोतबाट व्यहोर्ने गरी रु १०,००,००० रकम समपूरक कोषको रुपमा विनियोजन गर्ने ।

ज) श्री कालिका माध्यामिक विद्यालय, राक्सिराङ्ग ९ अठारे मा छात्राहरुको लागि चेपाङ् छात्रावास निर्माण गर्नुपर्ने भएको र सो कार्यका लागि जिल्ला समन्वय समितिको कोषबाट रु ३०,००,००० तीस लाख मात्र उपलब्ध गराउने निर्णय भएको र सो निर्माणको लागि प्राविधिक लागत अनुमान बमोजिम अपुग हुन जाने थप रकम गाउँपालिकामा प्राप्त हुने स्रोत बाट व्यहोर्ने गरी स्रोत सुनिश्चित गरी आवश्यक ठेक्का प्रकृया अगाडी बढाउन कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

<u>निर्णय नं. ११</u>

राक्सिराङ्ग गाउँपालिका क्षेत्रभित्रका सडकहरु सरसफाई कार्यको लागि विभिन्न वडा कार्यालयबाट सिफारिस भई आए अनुसार देहाय बमोजिमको रकम भुक्तानी दिनको लागि गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

वडा नं ७ को सडक सरसफाई वापत रु. ४३६००० (चार लाख छतिस हजारमात्र)

<u>निर्णय नं. १२</u>

यस गाउँपालिकाको स्वीकृत दरबन्दी बमोजिम गाउँपालिका वा अन्तर्गतका कार्यालयहरुमा रिक्त रहेको देहायको पदहरुमा पदपूर्तिको लागि प्रदेश लोकसेवा आयोगमा माग फाराम भरी पठाउने ।

अनुसूची-१

(नियम (३) को उपनियम (१) सँग सम्बन्धित)

<u>रिक्त पदपूर्तिको लागि माग गर्दा भर्नुपर्ने फाराम</u>

माग गर्ने कार्यालयको नाम र ठेगाना : राक्सिराङ्ग गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, चैनपुर, मकवानपुर

| सि. नं. | माग गरिएको पदनाम | तह | सेवा/ समुह/ उपसमुह | स्थायी/ अस्थायी | आवश्यक न्युनतम योग्यता | संक्षिप्त कार्यविवरण र उम्मेदवारले शुरुमा कार्य गर्नुपर्ने स्थान | अघिल्लो दूई आ. ब. मा माग भै पदपूर्ति हुन बाँकि संख्या | यस आ ब को माग नयाँ पद सृजना वा रिक्त भै माग गरिएको संख्या | | कुल माग पद संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | नयाँ पद सिर्जना | रिक्त | | |
| १ | लेखा अधिकृत | सातौं | प्रशासन / लेखा | स्थायी | | गाउँपालिकाको आर्थिक प्रशासन सम्बन्धी कार्य/गापा केन्द्र चैनपुर | | | ✓ | १ | |
| २ | ईन्जिनियर | सातौं | ईन्जिनियरिङ्ग | स्थायी | | गाउँपालिकाको भौतिक पूर्वाधार विकास सम्बन्धी कार्य/गापा केन्द्र चैनपुर | | | ✓ | १ | |
| ३ | सहायक | पाँचौं | प्रशासन /साप्र | स्थायी | | गापा वा वडा कार्यालयको प्रशासनिक कार्य/गापा वा मातहतको वडा कार्यालय | | | ✓ | ६ | |
| ४ | सब ईन्जिनियर | पाँचौं | ईन्जिनियरिङ्ग | स्थायी | | गाउँपालिकाको भौतिक पूर्वाधार विकास सम्बन्धी कार्य/गापा केन्द्र वा मातहतका वडा कार्यालय | | | ✓ | २ | |
| ५ | प्राविधिक सहायक | पाँचौं | कृषि/कृषि प्रसार | स्थायी | | गाउँपालिकाको कृषि विकास सम्बन्धी कार्य/गापा केन्द्र वा मातहतका सेवा कार्यालय | | | ✓ | १ | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | हेल्थ असिस्टेण्ट | पाँचौ | स्वास्थ्य /हेई | स्थायी | | गाउँपालिकाको स्वास्थ्य सेवा सम्बन्धी कार्य/गापा अन्तर्गतको स्वास्थ्य चौकि | | | ✓ | २ | |
| ७ | सहायक | चौथो | प्रशासन /साप्र | स्थायी | | वडा कार्यालयको प्रशासनिक कार्य/गापा अन्तर्गतको वडा कार्यालय | | | ✓ | ४ | |
| ८ | नायब पशु सेवा प्राविधिक | चौथो | कृषि/ लापोडेडे | | | गापा मातहतको सेवा केन्द्रमा पशु विकास सम्बन्धी कार्य | | | ✓ | १ | |
| ९ | अहेब | चौथो | स्वास्थ्य /हेई | स्थायी | | गाउँपालिकाको स्वास्थ्य सेवा सम्बन्धी कार्य/गापा अन्तर्गतको स्वास्थ्य चौकि | | | ✓ | ४ | |
| १० | अनमी | चौथो | स्वास्थ्य /हेई | स्थायी | | गाउँपालिकाको स्वास्थ्य सेवा सम्बन्धी कार्य/गापा अन्तर्गतको स्वास्थ्य चौकि | | | ✓ | १ | |

<u>निर्णय नं. १३</u>

<u>विविध:</u>

क) श्री राक्सिराङ्ग बिल्डर्स एण्ड डेभलपर्स प्रा.लि., राक्सिराङ्ग ५ ले राक्सिराङ्ग ५, ठाडेमा क्रसर उद्योग स्थापनाका गर्ने सम्बन्धमा प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयार गर्ने कार्यका लागि श्री वातावरणीय चेतनाका लागि एकीकृत विकास, हेटौंडा ६ मकवानपुरले पेश गरेको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन राक्सिराङ्ग गाउँपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि २०७७ को दफा ७(४) बमोजिम स्वीकृत गर्ने ।

ख) श्री धनलक्ष्मी बालुवा प्रशोधन तथा क्रसर उद्योग प्रा.लि, राक्सिराङ्ग ५ ले राक्सिराङ्ग ५, घ्युखाने, मकवानपुरमा क्रसर उद्योग स्थापनाका गर्ने सम्बन्धमा प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयार गर्ने कार्यका लागि श्री वातावरणीय चेतनाका लागि एकीकृत विकास, हेटौंडा ६ मकवानपुरले पेश गरेको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन राक्सिराङ्ग गाउँपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि २०७७ को दफा ७(४) बमोजिम स्वीकृत गर्ने ।

ग) यस गाउँपालिकामा करार सेवामा कार्यरत निम्न जनशक्तिहरूलाई मिति २०८० श्रावण ०१ गतेदेखि लागु हुने गरि निम्नानुसार तलब सुविधा उपलब्ध गराउने ।

| सि.नं. | कर्मचारीको नाम, थर | पद | तह | गत आ.ब. को तलब | चालु आ.ब. को तलब | पोषाक भत्ता |
|---|---|---|---|---|---|---|
| १ | श्री मानसिंह घलान | लघु उद्यम विकास सहयोगी | सहायक चौथो | २९,००० | ३२,९०२ | पाउने |
| २ | श्री सावीत्री मुक्तान | लघु उद्यम विकास सहयोगी | सहायक चौथो | २९,००० | ३२,९०२ | पाउने |

उपरोक्त व्यहोराको पेश हुन आएको प्रस्तावहरुलाई सर्वसम्मत निर्णय गरियो ।

| | | | |
|---|---|---|---|
| (सुजता दमाई)<br>कार्यपालिका सदस्य | (सजिना मुक्तान नेपाली )<br>कार्यपालिका सदस्य | (शुशिला सुनार)<br>कार्यपालिका सदस्य | (शान्ता कुमारी अर्याल)<br>कार्यपालिका सदस्य |
| (सिङ्गलाल प्रजा)<br>कार्यपालिका सदस्य | (चन्द्रमान प्रजा)<br>कार्यपालिका सदस्य | (बाबी राम मुक्तान)<br>वडा अध्यक्ष | (बुद्ध राम मुक्तान)<br>वडा अध्यक्ष |
| (उत्तम वाइवा)<br>वडा अध्यक्ष | (संजय कोईराला)<br>वडा अध्यक्ष | (हरि बहादुर प्रजा)<br>वडा अध्यक्ष | (अकल बहादुर मोक्तान)<br>वडा अध्यक्ष |

| | | |
|---|---|---|
| (राम बहादुर प्रजा)<br>वडा अध्यक्ष | (युसाई प्रजा)<br>वडा अध्यक्ष | (राम कुमार वाल्वा थिङ)<br>वडा अध्यक्ष |

| | |
|---|---|
| (बनस्तम थिङ)<br>उपाध्यक्ष | (राजकुमार मल्ल)<br>अध्यक्ष |